आज मिति २०८१ साल माघ ३० गते बुधबारका दिन बिहान ९:०० बजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णय गरियो ।

<u>उपस्थिति</u>

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कणदिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | (प्रवक्ता) वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता बि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी बोहरा | कार्यपालिका सदस्य | रत्न |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल — अधिकृत छैठौं

श्री सन्तोष सापकोटा — लेखापाल

इ. श्री शिवराज गोसाईं — इन्जिनियर

श्री अमर सिं बवाल — योजना शाखा प्रमुख

श्री गणेश प्रसाद आचार्य — शिक्षा शाखा प्रमुख

त्रिवेणी गाउँ कार्यपालिकाको कार्यालय
रुकुम, पश्चिम
कर्णाली प्रदेश, नेपाल

मिति २०८१/१०/३० गतेको कार्यपालिकाको १५७ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णय गर्नुपर्ने प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १. | आ.ब. ०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान एंव प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गतका योजना छनौट तथा प्राथमिकिकरण सम्बन्धमा । | आ.ब. ०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान एंव प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल बमोजिमका योजना छनौट तथा प्राथमिकिकरण गरि प्रस्तावना पेश गर्न कार्यालयलाई निर्देशन दिने।<br>**संघीय समपुरक**<br>१)लुहाम ढोरचौर (००-१०.५कि.मि) सडक स्तरोन्नति योजना (वडा नं. ५ को कार्यालय तथा विद्यालय देखि पालिकाको केन्द्र सम्म जोड्ने स्थानीय सडक) ।<br>२)त्रिवेणी तिर्थशालाधाम मन्दीर निर्माण योजना वडा नं. ६( त्रिवेणी गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याउने पर्यटन पूर्वाधार)<br>३)त्रिवेणी गाउँपालिका वडा नं.४ फलाबाङ देखि कपुरकोट जोडने मोटरबाटो स्तरोन्नति (वडा नं. ४ को कार्यालय तथा विद्यालय देखि पालिकाको केन्द्र सम्म जोड्ने स्थानीय सडक<br>**संघीय विशेष**<br>१) झम्केजिउला श्रीचौर खानेपानी योजना वडा नं. ६ सल्यान(आधारभुत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना)<br>२) स्वास्थ्य चौकी भवन तला योजना वडा नं. १<br>३) मा. वि.टोट्केमा विद्यालय भवन निर्माण योजना वडा नं. ३<br>**प्रदेश समपुरक**<br>१) वडा कार्यालय भवन निर्माण योजना वडा नं. २<br>२) रामवजार अखेला सडक स्तरोन्नति वडा नं. १<br>३) ढुंगीवजार पिमखोला मखनटाकुरी सडक स्तरोन्नति वडा नं३<br>**प्रदेश विशेष**<br>१) लुहाम खोला देखी बार्ने फलाबाङ लिफ्ट खानेपानी योजना वडा नं. ४(आधारभुत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना)<br>२) ज्यामिरे लिफ्ट खानेपानी योजना वडा नं. २ (आधारभुत | |

प्रमाणित [signature]
बहादुर के.सी.

| | | | |
|---|---|---|---|
| | | खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना)<br>३) गायत्री प्रा.वि. ढोरचौर भवन निर्माण योजना वडा नं. ५ | |
| २. | शिक्षा योजना अद्यावधिक सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको शिक्षा क्षेत्र योजना प्रथम संशोधन (२०८१-२०८५) का लागि पेश भएको मस्यौदा उपर छलफल गरी पारित गर्ने । | |
| ३. | त्रिवेणी गाउँपालिकाको लोगो निर्माण सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको ऐतिहासिकता, सामाजिक साँस्कृतिक, धार्मिक, प्राकृतिक एवं भौगोलिक विशेषता झल्कने आधिकारीक प्रतिक चिन्ह बनाइ प्रयोगमा ल्याउनको लागि गाउँपालिकाको लोगो निर्माण गर्न इच्छुक व्यक्ति एवं संस्थाले लोगो निर्माण गरी पेश गर्नको लागि सुचना प्रकाशन गर्ने । | |
| ४. | विविध सम्बन्धमा । | - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४ बमोजिम त्रिवेणी गाउँपालिका ३ नं. वडा कार्यालयको भवन निर्माण प्रयोजनार्थ साविक फलावाङ गा.वि.स. वडा नं. ३ को लोटाउने भन्ने स्थानमा पञ्चायत भवनका नाममा नापी कार्यालय सल्यानमा नापजाँच भएको कि.नं. १७८ क्षेत्रफल ०-१५-२-२ जग्गा रहेकोमा उक्त क्षेत्रफलमा वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि २-०-१-२ रोपनी क्षेत्रफलको जग्गा नपुग हुने भएकोले सकेसम्म सोहि कित्तासँग सटेको जग्गा आवश्यक भएकोले निशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुबाट जग्गा दानको लागि ७ दिनको सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।<br>- लुहाम बजार क्षेत्रमा रहेका सौर्य सडक बत्तीहरु मध्ये बिग्रीएका सडक बत्तीहरु यथाशिघ्र मर्मत गर्न कार्यालयलाई निर्देशन दिने ।<br>- अध्यक्ष कप तथा पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड एवं जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि अपुग रकम रु.१५ लाख विनियोजन गर्ने ।<br>- त्रिवणी गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा रहेको | |

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम, सल्यान
कर्णाली प्रदेश, नेपाल

| | | | |
|---|---|---|---|
| | | अनुगमन समितिले सम्पुर्ण विद्यालयहरु अनुगमन गरी विद्यालयको भौतिक संरचना शैक्षिक जनशक्ति, स्रोत साधन, तथा विद्यार्थी संख्या समेतका आधारमा विद्यालयको अनुगमन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने ।<br>- सम्मानित सर्वोच्च अदालतमा रिट निवेदक सन्तोष सापकोटा समेत भई यस त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यान र त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत समेत लाई विपक्षी बनाई दायर भएको उत्प्रेषण समेतको(०८१-WO-०८२४) मुद्दामा यस त्रिवेणी गाउँपालिकाको कार्यालय तथा प्रमुख प्रशासकिय अधिकृतको तर्फबाट उक्त मुद्धामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न कानुनी राय सल्लाह लिन र कानुन व्यवसायी नियुक्ति गरी निजहरुको कार्य वमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारनामा प्रत्यायोजन गर्ने सम्वन्धमा छलफलको लागि पेश गरियो ।<br>- आ.व.२०८०/०८१ र २०८१/०८२ मा संघीय समपुरक अन्तर्गत कोलचौर खोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोडने सडक निर्माण योजनाको स्तरबृद्धिका लागि ठेक्का आव्हान भै निर्माण कार्य भैरहेकोमा उक्त योजना सम्पन्न गर्नको लागि थप रकम माग गर्ने सम्बन्धमा छलफलको लागि पेश गरियो । | |

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐराम, सल्यान
कर्णाली प्रदेश, नेपाल

<u>निर्णयहरु</u>

<u>निर्णय नं. -१.</u> प्रस्ताव नं. १ माथी छलफल गर्दा, आ.ब. ०८२/०८३ का लागि संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान एंव प्रदेश समपुरक अनुदान तथा प्रदेश विशेष अनुदान अन्तर्गत तपशिल वमोजिमका योजना छनौट तथा प्राथमिकिकरण गरि प्रस्तावना पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**संघीय समपुरक**

१)लुहाम ढोरचौर (००-१०.५कि.मि) सडक स्तरोन्नति योजना (वडा नं. ५ को कार्यालय तथा विद्यालय देखि पालिकाको केन्द्र सम्म जोड्ने स्थानीय सडक) ।

२)त्रिवेणी तिर्थशालाधाम मन्दीर निर्माण योजना वडा नं. ६( त्रिवेणी गाउँपालिकाको आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्याउने पर्यटन पूर्वाधार)

३)त्रिवेणी गाउँपालिका वडा नं.४ फलाबाङ देखि कपुरकोट जोडने मोटरबाटो स्तरोन्नति (वडा नं. ४ को कार्यालय तथा विद्यालय देखि पालिकाको केन्द्र सम्म जोड्ने स्थानीय सडक)

**संघीय विशेष**

१) भम्केजिउला श्रीचौर खानेपानी योजना वडा नं. ६ सल्यान(आधारभुत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना)

२) स्वास्थ्य चौकी भवन तला योजना वडा नं. १

३) मा. वि.टोट्केमा विद्यालय भवन निर्माण योजना वडा नं. ३

**प्रदेश समपुरक**

१) वडा कार्यालय भवन निर्माण योजना वडा नं. २

२) रामवजार अखेला सडक स्तरोन्नति वडा नं. १

३) ढुंगीवजार पिमखोला मखनटाकुरी सडक स्तरोन्नति वडा नं३

**प्रदेश विशेष**

१) लुहाम खोला देखी बार्ने फलाबाङ लिफ्ट खानेपानी योजना वडा नं. ४(आधारभुत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना)

२) ज्यामिरे लिफ्ट खानेपानी योजना वडा नं. २ (आधारभुत खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित, दलित, लोपोन्मुख तथा आर्थिक सामाजिक रुपले पिछडिएको समुदाय लक्षित गरी सञ्चालन गरिने खानेपानी योजना

३) गायत्री प्रा.वि. ढोरचौर भवन निर्माण योजना वडा नं. ५

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

**निर्णय नं. -२,** प्रस्ताव नं.२ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको शिक्षा क्षेत्र योजना प्रथम संशोधन (२०८१-२०८५) का लागि पेश भएको मस्यौदा उपर छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. -३,** प्रस्ताव नं.३ माथी छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको ऐतिहासिकता, सामाजिक साँस्कृतिक, धार्मिक, प्राकृतिक एवं भौगोलिक विशेषता झल्कने आधिकारीक प्रतिक चिन्ह वनाइ प्रयोगमा ल्याउनको लागि गाउँपालिकाको लोगो निर्माण गर्न इच्छुक व्यक्ति एवं संस्थाले लोगो निर्माण गरी पेश गर्नको लागि सुचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. -४,** प्रस्ताव नं.४ मा तपशिल बमोजिमका विविध विषय अन्तर्गत छलफल गरी निर्णय गरियो ।

क) स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ४ बमोजिम त्रिवेणी गाउँपालिका ३ नं. वडा कार्यालयको भवन निर्माण प्रयोजनार्थ साविक फलावाङ गा.वि.स. वडा नं. ३ को लोटाउने भन्ने स्थानमा पञ्चायत भवनका नाममा नापी कार्यालय सल्यानमा नापजाँच भएको कि.नं. १७८ क्षेत्रफल ०-१५-२-२ जग्गा रहेकोमा उक्त क्षेत्रफलमा वडा कार्यालयको प्रशासनिक भवन निर्माणका लागि २-०-१-२ रोपनी क्षेत्रफलको जग्गा नपुग हुने भएकोले सकेसम्म सोहि कित्तासँग सटेको जग्गा तथा सो जग्गाको अधिकतम १०० मिटरको दुरीमा रहेका जग्गा आवश्यक भएकोले निशुल्क जग्गा उपलब्ध गराउन इच्छुक व्यक्ति तथा संघ संस्थाहरुबाट जग्गा दानको लागि ७ दिनको सूचना प्रकाशन गर्न कार्यालयलाई निर्देशन दिने ।

ख)लुहाम बजार क्षेत्रमा रहेका सौर्य सडक बत्तीहरु मध्ये विग्रीएका सडक वत्तीहरु यथाशिघ्र मर्मत गर्न कार्यालयलाई निर्देशन दिने ।

ग)अध्यक्ष कप तथा पालिका स्तरिय राष्ट्रपति रनिङ शिल्ड एवं जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको लागि अपुग रकम रु.१५ लाख विनियोजन गर्ने ।

घ)त्रिवणी गाउँपालिकाको उपाध्यक्षको संयोजक्त्वमा रहेको अनुगमन समितिले सम्पुर्ण विद्यालयहरु अनुगमन गरी विद्यालयको भौतिक संरचना शैक्षिक जनशक्ति, स्रोत साधन, तथा विद्यार्थी संख्या समेतका आधारमा विद्यालयको अनुगमन गरी प्रतिवेदन पेश गर्न निर्देशन दिने ।

ङ) वडा नं. ६ निवासी शिवलाल खत्री माथिल्लो अर्ने खोला सिचाइ कुलो निर्माण गर्ने क्रममा चोटपटक लागि अवस्था गम्भिर रहेको र आर्थिक अवस्था कमजोर रहेको भनी वडाको सिफारिस, मेडिकल रिपोर्ट सहित आर्थिक सहायताको लागी सिफारिस भई आएको हुँदा निजको उपचारको लागि रु.१० दश हजार आर्थीक सहायता उपलब्ध गराउने ।

प्रमाणित

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

च)सम्मानित सर्वोच्च अदालतमा रिट निवेदक सन्तोष सापकोटा समेत भई यस त्रिवेणी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुहाम सल्यान र त्रिवेणी गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत समेत लाई विपक्षी बनाई दायर भएको उत्प्रेषण समेतको(०८१- WO-०८२४) मुद्दामा यस त्रिवेणी गाउँपालिकाको कार्यालय तथा प्रमुख प्रशासकिय अधिकृतको तर्फबाट उक्त मुद्धामा प्रतिरक्षा गर्न, वारेस नियुक्ति गर्न कानुनी राय सल्लाह लिन र कानुन व्यवसायी नियुक्ति गरी निजहरुको कार्य वमोजिम पारिश्रमिक समेत प्रदान गर्ने गरी यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई अख्तियारनामा प्रत्यायोजन गर्ने निर्णय गरियो ।

छ) आ.व.२०८०/०८१ र २०८१/०८२ मा संघीय समपुरक अन्तर्गत कोलचौर खोला कोलचौर खज्जर अनरुद्र हुँदै दाङ जोडने सडक निर्माण योजनाको स्तरबृद्धिका लागि ठेक्का आव्हान भै निर्माण कार्य भैरहेकोमा उक्त योजना सम्पन्न गर्नको लागि थप रकम माग नगरी पालिकाले दायित्व लिई सम्पन्न गर्ने साथै अन्य नयाँ आयोजना समपुरक अनुदानका लागि पेश गर्ने निर्णय गरियो ।

प्रमाणित